संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**पोलिसी बोण्ड हराएको सुचना**

गाईघाट बाट लाहान जाने क्रममा LIC NEPAL LTD को पोलिसी नम्बर १०००६४१३७ श्री मोहन बहादुर बुढाठोकी नाममा रहेको बिमा लेख हराएको हुनाले पाउनु हुने महानुभावहरुले तलको नम्बरमा सम्पर्क गरिदिनुहुनको लागि अनुरोध छ।
सम्पर्क नम्बर - ९७४२८९४७३०

■ बर्ष-१७, ▶▶ अंक ३ भदौ २० गते आईतबार,२०७८, September- 5 Sunday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

# गृहमन्त्री खाँण सप्तकोसी भगाँलो हेर्न उदयपुरमा

❖ *बुद्धिकुमार राँई*

*रामपुर, भदौ १९*

गृहमन्त्री बालकृष्ण खाँणले सप्तकोसी कटानको स्थलगत निरीक्षण गरेका छन्। उदयपुरको बेलका नगरपालिका ८ कोठुस्थित सप्तकोसीले गतसाता कटान गेरर गाउँ पसेको बाढीको क्षति हेर्न मन्त्री खाँण शनिबार यहाँ आएका हुन्।

गत आईतबार सप्तकोसीमा आएको बाढीले सुसनसरी र उदयपुरको सीमास्थल बेलका नगरपालिका ८ लाहुरेखोलास्थित जमिन फुटाएर उदयपुतर्फ भँगालो पसेको थियो। भँगालो पसेरउ दयपुरतर्फ बाढी पसेपछि स्थानीयहरु हताहत भएका थिए। सोही ठाउँको पछिल्लो अवस्था बुझ्न गृहमन्त्री खाँण स्थलगत निरीक्षणका लागि उदयपुर आएको प्रशासनले जनाएको छ।प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईका अनुसार मन्त्री खाँणसँग गृह मन्त्रालयका सचिव टेकनारायण पाण्डे, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेल, सडक विभागमा महानिर्देशक अर्जुन थापा, सिंचाई विभागका उपमहानिर्देशक प्रदिप थापा र राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कर्याकारी निर्देशक अनिल पोखरेल पनि साथमा थिए। सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिसहित आएका मन्त्री



खाँणले बाढीबाट प्रभावित १५ हजार स्थानीयको अवस्थाबारे स्थलगत अवलोकन गरेको प्रजिअ सेंढाईले बताए।

बेलका नगरपालिका २, ३, ८ र ९ नं. वडाले छोएको कोसी टप्पुक्षेत्र आसपास बसोबास गर्दै आएका झण्डै ३ सय घरधुरी स्थानीयलाई कोसीको बाढीले बिस्थापित गर्ने खतरा बढेको भन्दै जिल्ला बिपत व्यवस्थापन समितिले गतसाता नै सरकारको ध्यानाकर्षण गराएको थियो। नगरपालिका र पीडित स्थानीयबासीको आग्रह अनुसार बिपत व्यवस्थापन समितिको -बाँकी ३ पेजमा






## गृहमन्त्री ....

बैठकले स्थानीय सरकार, जिल्लाका सरोकारवाला निकायहरु, प्रदेश सरकार र संघीय सरकारको ध्यानाकर्षण गराउँदै तत्काल पीडितको उद्धार र सुरक्षाका लागि पहल गर्न आग्रह गरेको थियो ।

सोही माग अनुसार गृहमन्त्री खाँण स्थलगत निरीक्षणका लागि आएको बताइएको छ । नेपाली सेनाको ९ एन ०५३ नं. को हेलिकोप्टर चढेर आएका गृहमन्त्री खाँणले घट्नास्थलको निरीक्षणपछि जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय प्रमुख र स्थानीयबासीसँग सामुहिक छलफल गरेका थिए । प्रदेश प्रहरी प्रमुख, उदयपुर, सप्तरी रसुनसरीका प्रजिअसहित सुरक्षा निकाय प्रमुखहरु र स्थानीय जनप्रतिनिधिको उपस्थितिमा भएको लछफलमा मन्त्री खाँणले कटान र डुबान रोक्न तत्काल आआफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सरकोकारवालालाई निर्देशन दिएका थिए ।

मन्त्री खाँणसँग स्थानीयहरुले वर्षेनी आउने बाढीबाट बँच्न दीर्घकालीन तटबन्ध बाँध्नुपर्ने माग गरेका थिए । सो विषयमा स्थानीयले उठाएको जिज्ञासालाई सम्बोधन गर्ने प्रतिबद्धता उनले जनाएको उदयपुरका प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले बताए । उनका अनुसार सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिसहितलाई खाँडले भँगालो नियन्त्रण गर्न यथासिघ्र काम थाल्न निर्देशन दिदै थप व्यवस्थापनका लागि सरकारले विस्तृत अध्ययन गरेर उचित कदम चाल्ने आश्वासन दिएका थिए । उनी दिउँसो ३:०० बजे सोही हेलिकोप्टरमार्फत राजधानी फर्किसकेका छन् ।

लाहुरेखोलास्थित फुटेको जमिन भएर कोसीको भँगालो गाउँ छिरेपछि सातादिनयता स्थानीयलाई त्रसित बनाएको छ । उदयपुर र सुनसरीको सीमा भएर बग्ने सप्तकोसीमा आउने बाढीले कटान र डुकानको समस्या निम्त्याउँदा बेलका नगरपालिकाका २, ३, ८ र ९ नं. वडाबासी स्थानीयहरु वर्षेनी पीडित हुँदै आउनुपरेको स्थानीय तीर्थ पराजुलीले बताए । जमिन फुटाएर पश्चितर्फ आउन थालेको कोसी भँगालोले उदयपुर र सप्तरीमा जनधनको क्षति हुने उच्च जोखिम बढाएपछि नगर जनप्रतिनिधिले तत्काल उद्धारका लागि प्रशासन, प्रहरी र प्रदेश तथा संघीय सरकार गुहारेको थियो ।

बाढी आएपछि स्थानीयलाई त्रसित बनाएको बेलका ३ रातापानीका जनक राईले बताए । उनका अनुसार तत्काल खटेको स्थानीय, सहस्त्र प्रहरी, नेपाल प्रहरी र प्राविधिक टोलीले बालुवाको बोरा राखेर कोसीको भँगालो छेक्ने अस्थायी प्रयास गरेका छन् । वर्षा कम भएपछि स्वत: मानीको सतह घट्दा खतरा टर्ने भए पनि केही घण्टा वर्षा हुनेबित्तिकै बाढी उर्लेर क्षतिको जोखिम हुने गरेको राईले बताए । त्यहाँको कटानको स्थायी समाधानका लागि दीर्घकालीन योनजाको खाँचो औंल्याउँदै स्थानीयले सरकारको ध्यानाकर्षण गराएका छन् ।

बाढी कटानले बेलकासँगै सप्तरीका पनि थुप्रै स्थानीयतहहरुमा व्यापक क्षति गर्ने अनुमान गरिएको छ । कटान र डुबान गर्ने खतराले स्थानीयमा त्राहीमाम बनाएको उनीहरुको भनाई छ । नगरपालिका केन्द्र बेलका ९ को तल्लो भेगमासमेत कटानले क्षति गर्ने उत्तिकै जोखिम रहेको स्थानीय ललित राईले बताए ।

गएको साता ३-४ दिनसम्म लगातार पानी परेसँगै सप्तकोसी व्यारेजमा पानीको सतह अहिलेसम्मकै सबभन्दा बढी हुन पुगेको थियो । पानीको सतह धेरै बढेपछि कोसी व्यारेजका ५६ ढोकामध्ये ३५ वटा खोल्नु परेको थियो । पानीको सतह बढे पनि भारतले आफुतिर क्षति पुग्नबाट रोक्न आवश्यक्ता अनुसार कोसीका ढोका नखोल्दा नेपालतर्फ डुबान र कटानको व्यापक क्षति गर्ने गरेको छ । ०६५ भदौमा पनि यसरी नै पानीको सतह बढेपछि आवश्यक्ता अनुसार ढोका नखोल्दा कोसी कटान गर्दा २५ हजार जनता प्रभावित भएका थिए भने ५ हजारभन्दा बढीको मृत्यु भएको थियो ।




# त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर

सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि

**Faculties**
- Management
- Humanities
- Education

**+2 मा भर्ना खुल्यो !**

**कार्यक्रम**
आवेदन फारम वितरण भईरहेको छ ।

प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

आवश्यकता अनुसार पुन: प्रवेश परीक्षा लिइने

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

Computer Science मा सिट सङ्ख्या मात्र ३० !

Campus Chief

Visit Us At Least Once, Then feel the Difference !!




प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि

| | |
|---|---|
| चिकेन म:म:............... | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म:........... | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन........... | ..१०० |
| भेज चाउमिन............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................ | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको............... | ३०० |
| चिकेन चिल्लि ............... | ३०० |
| चिकेन पकौडा................. | ३०० |
| चिकेन फ्राई.................. | ..२०० |
| भेज पकौडा.................... | १०० |
| मटन पक्कु...................... | ४०० |
| पक्कु खाजा सेट ........... | ४३० |
| मटन भुटन..................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |



त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:–**बिनोदकुमार पाण्डे**
सम्पर्क:– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

मुलुकी दैनिक

समयमा नपाए तुरुन्त सम्पर्क गर्नुहोस्
९८४२९८५१८८

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२



# आज फेरी नेपाल र भारत भिड्दै

❖ बिबेक राई

*गाईघाट, भदौ १९*

गत बिहिबार मात्र मैत्रीपूर्ण फुटबल खेलेका नेपाल र भारत आईतबार फेरी काठमाडौं त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा भिड्दैछन्। साँझ ५:३० बजेदेखि फल्ड लाइटमा दुई टोलीले दोस्रो मैत्रीपूर्ण खेल खेल्न लागेका हुन्। नजिकिँदो साफ च्याम्पियनसिपको तयारी स्वरुप दुवै टोलीले मैत्रीपूर्ण खेल खेलेका हुन्। यहि अक्टोबर १ देखि माल्दिभ्सले १३ औं साफ च्याम्पियनसिपको आयोजना गर्दैछ। त्यसको तयारीस्वरुप सहभागि टोलीहरु अभ्यास तथा मैत्रीपूर्ण खेलमा व्यस्त छन्।

नेपालका लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले नेपालको पारम्परिक ४-४-२ को रणनीति त्याग्दै ४-३-३ को आक्रमक रणनीति अपनाएका थिए। रणनीतिअनुसार नेपालले आक्रमक खेल्न नसकेपनि भारतसँग १-१ को बराबरी खेलेका थिए। यद्यपि नेपालको खेलमा सुधार गर्नुपर्ने धेरै भएपनि भारतविरुद्धको खेल चित्त बुझ्दो थियो भनेर धेरैले तारिफ गरेको थियो। उसो त आफूभन्दा ६३ स्थान माथिको टोलीसँग बराबरीको नतिजा चित्त बुझाउन सकिन्छ।

फिफा वरियतामा भारत १०५ औं र नेपाल १६८ औं स्थानमा छ। वरियतामा माथि रहेपनि माथिल्लो स्तरको खासै प्रदर्शन गर्नु नसकेको भारतका मुख्य प्रशिक्षक इगोर स्टीम्याकले नेपालको खेलमा भने सुधार भएको भनेर तारिफ गरेका थिए। पछिल्ला खेलहरुको रेकर्ड हेर्दाभने नेपालभन्दा भारत सफल देखिन्छ। पछिल्लो बिहिबारको खेलसमेत गर्दा भारतले नेपालमाथि १३ जीत, पाँच बराबरी र दुईमा मात्र हार व्योहोरेको छ। प्रशिक्षक अल्मुताइरीले इतिहाँस जेभएपनि भारतमाथि जीत निकालेरै छाड्ने बताइसकेका छन्।

तर नेपालसँग मैत्रीपूर्ण खेल खेलेको एकदिनपछि नै भारतले मध्य एशियाली क्षेत्रले खेल्ने फुटबलमा जाने इच्छा व्यक्त गरेको छ। मध्य एशियाली फुटबल संघ (काफा) पनि राजी भएर अर्को वर्षदेखि भारतलाई मुख्य प्रतियोगितामा सहभागि गराउने निर्णयमा पुगिसकेको छ। काफामा भागलिन इच्छुक भारतले दक्षिण एशियाली राष्ट्रले खेल्ने फुटबलको ठुलो प्रतियोगिता साफबाट बिदा हुनेबारे चाँहि स्पष्ट निर्णय लिइहालेको छैन। २०१५ मा अफगानिस्तानले साफ त्यागेर काफा नै रोजेको थियो।

साफमा भारत सर्वाधिक सफल टोली हो। सफल टोली भएकोले साफमा अब उपाधि भोक धेरै नभएकोले भारत मध्य एशियालीमा इच्छुक भएको अनुमाल लगाइएको छ। यता घरेलु फुटबलको कुरा गर्नुपर्दा अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरिरहेको सी डिभिजन छनौट प्रतियोगितामा दक्षिणकाली परोपकार क्लबले १-० को कठिन जीत निकालेको छ। दक्षिणकालीलाई जिताउन २३ औं मिनेटमा आशिष दगामले गोल गरेका थिए। पराजित भएपनि दुधौली स्पोर्ट्स क्लबले उच्च प्रदर्शन गरेको थियो।

गोल फर्काउन दुधौलीले अन्तिम समयसम्म प्रयास गरेपनि सफल भएन र साँघुरो हार स्वीकार्न बाध्य भयो। दुधौलीका धेरै प्रयासहरु विफल पारेका दक्षिणकालीका गोलरक्षक सुशान्त खड्का म्यान अफ द म्याच चुनिए। जितसँगै समुह एच बाट दक्षिणकालीको अघिल्लो चरण पुग्ने सम्भावन बढेको छ। पहिलो खेलमा मध्यपुर जागरुकलाई २-० ले पराजित गरेको भएपनि यस हारले दुधौलीको नकआउट चरण पुग्ने सम्भावना कठिन भएको छ। समुह जी मा भने राजधानी युवा क्लबले ३-० को सहज जीत दर्ता गराएको छ।

शनिबार दिउँसो १२:३० बजे भएको खेलमा राजधानीसँग पराजित भएसँगै नवसमकालिन समाज भने प्रतियोगिताबाट बाहिरिएको छ। नवसमकालिन यसअघि भुइँखेल युवा क्लबसँग ३-१ ले पराजित भएको थियो। सातदोबाटोस्थीत एन्फा कम्प्लेक्समा भएको खेलमा राजधानीलाई जिताउन ५२ औं मिनेटमा सर्वण घिसिङ, ६३ औं र ८३ औं मिनेटमा आशुतोष थापाले गोल गरेका थिए। म्यान अफ द म्याच भने राजधानीकै गपेश थापा चुनिए। उनलाई लोकगायक बद्री पंगेनीले म्यान अफ द म्याचको पुरस्कार दिएका थिए।




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।











प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट